# परिवर्तनका लागि महिला मञ्च, नेपाल
# Women forum for Change, Nepal
## विधान
## (२०७४)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

**प्रस्तावना :**

नेपाली समाजमा महिला माथि भइरहेको हिंसा, शोषण तथा विभेदहरुलाइ अन्त गर्दै महिलाहरुको चौतर्फि विकास गरि समतामुलक समाजको निर्माण गर्नको लागि एउटा सामाजिक संस्थाको आवश्यकता महशुश गरि **पविर्तनका लागि महिला मञ्च, नेपाल, २०७४** नामक मूनाफारहित गैह्र सरकारी संस्थाको स्थापनाको लागि संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो विधान तर्जुमा गरिएको छ।

**संस्थाको प्रतिवद्धता :**

संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्रिय अन्तराष्ट्रिय संघ संगठन सम्वन्धमा प्रतिकुल असर गर्ने वा नेपालको परराष्ट्र नीतिको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता तथा शान्तिसुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

## परिच्छेद –१

## प्रारम्भिक

१. क) संस्थाको नाम :

यस संस्थाको नाम. **परिवर्तनका लागि महिला मञ्च, नेपाल, २०७४** अँग्रेजीमा Women forum for Change, Nepal छोटकरीमा WFC,Nepal भनिनेछ।

ख) संस्थाको कार्यलय रहने ठेगाना :

यस संस्थाको कार्यालय धादिङ जिल्ला नीलकण्ठ नगरपालीका वडा नं. ३ धादिङवेशीमा रहने छ।

ग) संस्थाको कार्यक्षेत्र

यस संस्थाको कार्यक्षेत्र धादिङ जिल्लाभर हुनेछ। आवश्यकता अनुसार सर्म्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृत लिएर मात्र नेपालका अन्य जिल्लामा पनि विस्तार गर्न सकिनेछ साथै उदेश्य अनुरुपका सवै प्रकारको कार्य गर्न सकिने छ।

घ) प्रारम्भ :

यो विधान स्वीकृत भइ संस्था दर्ता भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

ङ) संस्थाको अस्तित्व :

यो संस्था अविछिन्न उत्तराधिकारवाला संगठित, स्वशासित, नाफारहीत गैसस हुनेछ। संस्थावाट आफ्नो उद्देश्य वाहेक अन्य आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिइ वा नलिइ परामर्श प्रदान गर्ने कार्य गरिने छैन।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) "विधान " भन्नाले **परिवर्तनका लागि महिला मञ्च धादिङ, नेपाल .२०७४** को विधानलाई संझनुपर्छ।

ख) "संस्था" भन्नाले.**परिवर्तनका लागि महिला मञ्च धादिङ, नेपाल ., २०७४** लाई जनाउनेछ।

Scanned with CamScanner

ग) "कार्यसमिति" भन्नाले यस विधानको दफा १३ वमोजिम गठित कार्यसमितिलाई जनाउनेछ।
घ) "सभा"भन्नाले यस विधान वमोजिम वसेको साधारण सभा र विशेष साधारणसभालाई समेत जनाउनेछ।
ङ) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्भनुपर्छ।
च) "नियम विनियम" भन्नाले विधान वमोजिम वनेको नियम विनियमलाइ जनाउनेछ।
छ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ ।
ज) "तोकिए वा तोकिए वमोजिम" भन्नाले यस विधान र यस विधान अर्न्तगत वनेको नियम विनियममा तोकिएको वा तोकिए वमोजिम संभनुपर्छ।
झ) "स्थानीय तह " भन्नाले गाउँपालिका /न.पा./उपमहानगरपालिका/महानगरपालिका र जिल्ला समन्वय समिति समेतलाई जनाउनेछ।
ञ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ देखि आषाढ मसान्तसम्मलाई सम्भनु पर्दछ।

३. संस्थाको छाप र प्रतिक चिन्ह :
प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। सँस्थाको छाप र प्रतिक चिन्ह अनुसुचि १मा तोकिए वमोजिम हुनेछ। तर संस्थाको छाप र चिन्ह यस अघि दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ।

## परिच्छेद -२
## संस्थाको उद्देश्य

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धादिङ

४. संस्थाको उद्देश्यः सँस्थाको मुख्य उद्देश्य देहायवमोजिम रहनेछ :–

क) यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ।
ख) यस संस्थाद्धारा संचलित कुनै तालिम, गोष्ठि, सेमिनारमा सहभागिहरुबाट कुनै प्रकारको आथिक लाभ लिईने छैन।
ग) महिलाहरुको लागि संविधान, नेपाल कानून र अन्तराष्ट्रिय कानूनद्धारा प्रदत्त हक अधिकार वारे जानकारीमुलक कार्यक्रम संचालन गर्ने।
घ) महिलाहरुको सीपविकास तथा आयआर्जन सम्वन्धी कार्यक्रम संचालन गर्न स्थानिय तहसम्म समुह गठन कार्य गर्ने।
ङ) महिलाहरु विरुद्ध समाजमा रहेको हिंसा, शोषण, भेदभाव तथा कुरितीहरु अन्त्य गर्ने खालका कार्यक्रमहरु सँचालन गर्न नेपाल सरकार,प्रदेश सरकार र स्थानिय तहसंग सहकार्य गर्ने।
च) महिलाहरु विच एकता र सहकार्यको भावना जागृत गर्दै मानव अधिकार, लैंगिक समानता र महिला शशक्तिकरणको लागि कार्य गर्ने।
छ) महिलाहरुलाइ कानूनी शिक्षा प्रदान गर्ने। असमर्थ /असहाय तथा पिडित महिलाहरुलाइ कानूनी उपचार तथा सहायता प्रदान गर्ने।
ज) हिंसा पिडित महिलाहरुलाइ मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा आवासको व्यवस्था गर्ने।
झ) गर्भवती महिलाहरुको प्रजजन स्वास्थ्य तथा सुरक्षित मातृत्व सम्वन्धी परामर्श तथा उपचार सेवाका साथै स्वास्थ्य शिविर सन्चालन गर्ने।
ञ) किशोरी महिलाहरुलाइ लक्षित गरि किशोरी शिक्षा कार्यक्रम संचालन गर्ने।
ट) महिला माथि हुने यौनजन्य अपराध, वहुविवाह, वालविवाह ,मानव वेचविखन जस्ता अपराध विरुद्ध जनमत सृजना गर्ने सचेत गराउने।

Scanned with CamScanner

ठ) महिला तथा वालवालिकाको सर्वोत्तम हित तथा चौतर्फि विकासको लागि खानेपानी तथा सरसफाइ सम्वन्धी कार्यक्रम संचालन गर्ने ।

ड) राज्यको सवै निकायमा महिलाको पहुँच अभिवृद्धि गर्नको लागि नेतृत्व तथा क्षमता विकास सम्वन्धी विभिन्न तालीम संचालन गर्ने ।

ढ) वालवालिका, असहाय तथा जेष्ठ महिलाहरुको लागि स्याहार केन्द्र संचालन गर्ने ।

ण) एकल महिला, वालिका, अपाङ्गता भएका महिला, आदिवासी जनजाति महिला र दलित महिलाहरुको अवस्थाअनुसार विशेष संरक्षण र सहयोगका कार्यक्रम संचालन गर्ने ।

ट) समाजसेवाका लागि आवश्यक ठानिएका विभिन्न खालका परोपकारी तथा विकास निर्माण सम्वन्धी कार्य गर्ने ।

५. संस्थाको उद्देश्य प्राप्ती गर्न गरिने कामहरु :

यस संस्थाले उपरोक्त उद्देश्य प्राप्त गर्न देहाय वमोजिमको कार्यहरु गर्नेछ : -

क) संस्थाले प्रचलित नेपाल कानून वमोजिम सम्वन्धीत निकायवाट अनुमति वा इजाजत प्राप्त गरि मात्र उपरोक्त आफ्ना उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाइ आवश्यक पर्ने जग्गाजमीन, भवन लगायतका चलअचल सम्पति खरिद विक्री गर्ने, भवन वा अन्य संरचना निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्नेछ । कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरीद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ती गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

घ) संस्थामा प्राप्त रकम वैंकमा जम्मा गरि वैंक खाता सञ्चालन गर्नेछ ।

ङ) संस्थालाइ आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनका सेवा,शर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद -३
## सदस्यता

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धादिङ

६. सदस्यहरुको वर्गीकरण :

यस संस्थाको देहाय वमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ :

**क) साधारण सदस्य :**

यस विधानको दफा ७ वमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तरगत रही आवेदन गरि संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन ।

**ख. संस्थापक सदस्यहरु :**

यस संस्था दर्ता हुँदाको वखतका कार्यसमितिका सदस्यहरु संस्थापक सदस्य हुनेछन । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान वमोजिमको शुल्क वुझाउनु पर्नेछ

**ग) आजीवन सदस्य :**

संस्थाको विकासको लागि विशेष योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तरग तोकिएको शुल्क लिइ आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

**घ) मानार्थ सदस्य :**

Scanned with CamScanner

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरीकलाई संस्थाको मनार्थ सदस्य प्रदान गर्न सकिनेछ तर मनार्थ सदस्यको मताधिकार रहने छैन ।

७. सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यता प्राप्तीको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

क) संस्थाको सदस्यता प्राप्तिमा कुनै धर्म, जाति, वर्ग वा व्यक्ति उपर भेदभाव नराखी कार्यक्रमको प्रभावकारिता हेरी कुनै पनि व्यक्तिलाई संस्थाको सदस्यता प्रदान गरिनेछ

ख) नेपाली नागरिक हुनुपर्ने ।

ग) १६ वर्ष उमेर पुगेको हुनुपर्ने ।

घ) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी अपराध र भ्रष्ट्राचारको अपराधमा दण्डित नभएको हुनुपर्ने।

च) दफा ८ मा उल्लेखित अयोग्यता नभएको ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :

देहायका कुनै व्यक्ति संस्थाको सदस्यको रुपमा वहाल रहन योग्य मानिने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) १६ वर्ष उमेर पुरा नगरेको ।

ग) दामासाहीमा परेको ।

घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुरदार ठहरी सजाय पाइ सजाय पाएको १ वर्ष भित्र ।

ङ) सम्वन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

च) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको ।

छ) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी ठहरीएको ।

ज) सदस्यता शुल्क वुझाउन वांकी भएको ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धादिङ

९. सदस्यताको समाप्ती :

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन । -

क) दफा ८ वमोजिम सदस्यता प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभावाट २/३ प्रतिशत वहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पास गरेम

ग) सदस्यले आफ्नो पदवाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतवाट प्रमाणित भएमा ।

ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

च) संस्थाको सदस्यता शुल्क वुझाउन वाँकी भएमा

Scanned with CamScanner

छ) संस्था विघटन भइ खारेज भएमा

तर कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्त हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अधि संस्थाले निजलाई सो व्यहोराको सूचना दिई सफाइको सवुद पेश गर्ने मौका दिनुपर्नेछ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्राप्त गर्ने विधी :

यस विधानको दफा ६ वमोजिमको सदस्यहरुले देहाय वमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन :

**१.साधारण सदस्य :**

क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क र वार्षिक शुल्क वापत कार्यसमितिले तोकेको रकम वुझाइ तोकिएको प्रक्रिया अनुसार आवेदन गरेमा कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले संस्थाले तोके वमोजिम वार्षिक नविकरण शुल्क वुझाउनुपर्नेछ ।

ग) साधारण सदस्यता प्राप्त गर्ने व्यत्तिले प्रत्येक वर्षको लागि असार मसान्त भित्र सदस्यता नवीकरण गराइसक्नु पर्नेछ ।

**२. संस्थापक सदस्य :**

क) यो संस्था दर्ता हुँदाको वखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थाको संस्थापक सदस्य हुनेछन । जस्को विवरण अनुसूचि-२ मा समावेश छ ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क वुझाइ साधारण सदस्य वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन ।

**३. आजीवन सदस्य :**

कार्यसमितिले तोकेको रकम सँस्थालाई एकमुष्ठ वुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

**४. मानार्थ सदस्य :**

साधारणसभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरीकहरुलाई मनार्थ सदस्य प्रदान गर्न सक्नेछ । सल्लाह र सुझाव संस्थाको लागि मार्ग निर्देशक हुनेछ तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. संस्थाको सदस्यता कार्यसमितिले निर्णय गरि प्रदान गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

६. कुनै आवेदकलाइ सदस्यता नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाइ दिइनेछ ।

७. सबै सदस्यहरुले यस विधान र विधान अन्तरगत वनेको नियम विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

Scanned with CamScanner

८. संस्थाले प्रदान गरेको उपदफा १, २ र ३ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद -४

## साधारणसभा, कार्यसमिति तथा वैठक सम्वन्धी व्यवस्था

### ११. साधारण सभाको गठन :

११.१ यस संस्थाको विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सवै सदस्यहरु संस्थाको साधारण सभाको सदस्य हुनेछन। मनार्थ सदस्यहरु आमन्त्रित हुनेछन। साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

११.२ यस संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ :

क) वार्षिक साधारण सभा : वर्षको १ पटक वार्षिक साधारण सभा वस्नेछ

ख) विशेष साधारण सभाः संस्थाको कुल सदस्य संख्याको एक चौथाइ सदस्यहरुले कारण जनाइ विशेष साधारण सभा माग गरेमा कार्यसमितिले वढिमा १५ दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्नेछ । तर साधारणसभा वा विशेष साधारण सभा वसेको ६ महिना भित्र पुनः साधारणसभा वस्न सक्ने छैन ।

११.३ यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था दर्ता भएको ३ महिना भित्र गरिनेछ । त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र गरिनेछ ।

११.४ यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ मिति र छलफल गर्ने विषय खोली सवै सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

११.५ उपदफा ४ वमोजिम वोलाइएको साधारण सभा वा विशेष साधारणसभामा विधानको दफा १८ वमोजिमको गणपुरक संख्या नपुगि सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिइ पुनः साधारण सभा वोलाइनेछ ।

### १२. साधारणसभाको काम कर्तव्य र अधिकार :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

क) कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने

ख) लेखापरीक्षकवाट प्राप्त भएको वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनवाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल गरी फर्स्यौट गर्नको लागि कार्यसमितिलाइ निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखपरीक्षकको नियुक्ती गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेका कार्यहरुको मूल्याँकन गरी कार्यसमितिलाइ आवश्यक निर्देशन दिने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

Scanned with CamScanner

ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान अन्तरगतको प्रक्रियामा रही निर्वाचन गर्ने ।

च) कार्यसमितिवाट पेश भएका विधान संशोधन नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्यसमितिवाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतवाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृती प्रदान गर्ने ।

ञ) अन्य सामूहिक विषयमा छलफल गरी निष्कर्ष निकाल्ने

## परिच्छेद-५
## कार्य समिति गठन

### १३. कार्यसमितिको गठन :

कार्य समिति :

क) साधारण सभाका सदस्यहरुवाट निर्वाचित बढिमा देहाय वमोजिमको पदाधिकारीहरु रहने ९ देखि १३ जना सम्मको एक कार्यसमितिको गठन गरिनेछ ।

अध्यक्ष -१

उपाध्यक्ष-१,

सचिव -१

सहसचिव -१

कोषाध्यक्ष-१

सदस्य -४ देखि ८ जना सम्म ।

तर प्रथम साधारण सभा नभएसम्म संस्था दर्ता भएको वेला हस्ताक्षर गर्ने तदर्थ समितिले कार्य समितिको रुपमा कार्य गर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

ख) कार्य समितिको कार्यकाल ३ वर्ष हुनेछ ।

ग) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा वांकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुक्ती कार्यसमितिद्धारा गर्न सकिनेछ। कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य रिक्त भइ नियुक्त भएको हो सो सदस्य वांकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

घ) कार्यसमितिको वैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले वोलाउनेछ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समिति वैठक वोलाउनु पर्नेछ ।

Scanned with CamScanner

ङ) कार्यसमितिको वैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

च) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभइ कार्यसमितिको वैठक हुने छैन ।

छ) कार्यसमितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहे वैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

झ) कार्यसमितीको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत प्रदान गर्नेछ ।

ञ) कार्यसमितिको वैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण माइन्यूट छुट्टै कितावमा लेखि राख्नुपर्नेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित संपूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सहि गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

ट) संस्थाले गर्ने भनिएका संपूर्ण कार्य कार्यसमितिको निर्णयवाट हुनेछ ।

ठ) माथि जेसुकै लेखिएको भएतापनी कार्यसमितिले गर्न पाउने कुनै कामको सम्वन्धमा कार्य समितिका सवै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाइ निर्णय पुस्तिकामा संलग्न गरि त्यस्तो काम वैठक विना पनि गर्न सकिनेछ । उपरोक्त वमोजिमको सहमतिलाई कार्यसमितिको वैठकको निर्णय सरह मानिनेछ ।

## १४. कार्यसमितिको काम ,कर्तव्य र अधिकार :

कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाइ साधारण सभामा प्रस्तु गर्ने ।

२. विधान वमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायि रहने ।

५. संस्थाको उद्देश्य प्राप्तीको लागि उपलव्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य संपादन गर्न कार्य योजना वनाउने, श्रोत जुटाउने कार्यान्वयन, सुपरीवेक्षण अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पति सुरक्षित तरीकाले राख्न लगाउने र वैंक खाता खोली संचालन गर्ने ।

८. संस्थाका कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली वनाइ साध सभावाट स्वीकृत गराइ लागु गर्ने ।

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्यअवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहाकार स उपसमिति, अन्य समिति गठन गर्ने र आवश्यकता अनुसार कार्यको वाँडफाँड गर्ने ।

Scanned with CamScanner

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. पदत्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन ।

१६. अन्य समितिहरु :

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको वैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुनेछ ।

३. संस्थाले आवश्यकता अनुसार धादिङ जिल्लाका स्थानिय तहमा संस्थाको सदस्यहरु समावेश गरि नगर/गाउँ पालिका स्तरीय समिति गठन गर्न सक्नेछ । गाउँगाउँमा आवश्यकता अनुसार महिला समुहहरु गठन गर्न सकिनेछ ।

४. संस्थाको कार्यसमितिले आवश्यकता अनुसार सम्वन्धीत क्षेत्रको विज्ञ तथा महिला अधिकारकर्मिलाइ सल्लाहकारको रुपमा नियुक्ती गर्न सक्नेछ ।

## परिच्छेद-६

## पदाधिकारीहरुको काम ,कर्तव्य र अधिकार

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धादिङ

१७. पदाधिकारीको काम, कर्तव्य र अधिकार :

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**अध्यक्षको काम कर्तव्य र अधिकार**

क) संस्थाको तर्फबाट कुनै पनि संघ संस्थाको सभा समारोहमा प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने

ख) संस्थाको समग्र नेतृत्व गर्ने ।

ग) निर्णायक मत दिने ।

घ) साधारण सभा तथा कार्यकारीणी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने ।

ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

च) आफ्नो मातहतका कार्य समितिका पदाधिकारी तथा साधारण सदस्यहरुलाई संस्थाको उद्देश्य तर्फ मार्गदर्शन गराउने, सजग गराउने आवश्यकता अनुसार निर्देशन दिने ।

छ) अध्यक्षले परिस्थिति हेरी संस्थाको कार्य संचालन गर्न आवश्यक देखिएमा आवश्यक रकम खर्च गर्न कोषाध्यक्षलाई निर्देशन दिने ।

ज) अन्य पदाधिकारी तथा सदस्यहरुलाइ निर्देशन दिने ।

**उपाध्यक्षको काम ,कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।

Scanned with CamScanner

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने

घ) कार्यसमितिले तोकेको कार्य गर्ने ।

**सचिवको काम कर्तव्य र अधिकार :**

क) संस्थाको सचिवालयको रेखदेख र सँचालन गर्ने ।

ख) अध्यक्षको निर्देशनमा कार्यसमितिको वैठक र सभा वोलाउने सो बारेमा सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउने ।

ग) संस्थाको माइन्यूट तथा अभिलेखहरु प्रमाणित गर्ने र सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

ङ) संस्थाको तर्फवाट पत्राचार गर्ने ।

**सहसचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिवको निर्देशनमा काम गर्ने ।

ख) कार्यसमितिले तोकेको कार्य गर्ने ।

ग) सचिवको अनुपस्थितिमा सचिवको कार्य गर्ने ।

**कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र सँचालन गर्ने ।

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने ।

ङ) संस्थाको सम्पूर्ण चल अचल सम्पतिको जिम्मा कोषाध्यक्षको रहनेछ ।

**सदस्यको काम, कर्तव्य र अधिकार :**

क) समितिको वैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) कार्यसमितिले तोकेको जिम्मेवारी निर्वाह गर्ने ।

१८. गणपुरक संख्या

१. कुल सदस्य संख्याको ५१ प्रतिशतको प्रतिनिधीत्व हुने गरि साधारण सदस्यहरु उपस्थित नभइ साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११(५)मा उल्लेख भए वमोजिम पुन वोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ३३ प्रतिशत प्रतिनिधित्व हुने गरि उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन।

३. तेस्रो पटक बोलाइएको समयमा तोकिएको संख्यामा सदस्यहरु उपस्थित हुन नसकेमा उक्त दिन उपस्थित सदस्य संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

Scanned with CamScanner

## परिच्छेद-७
## आर्थिक व्यवस्था

**१९.संस्थाको कोष :**

१९.१ संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय वमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन ।

क) प्रवेश शुल्क र सदस्यता शुल्क वापत प्राप्त रकम ।

ख) कसैले स्वच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रि बाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अर्न्तराष्ट्रिय संघ संस्था वाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानीय तह वाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

संस्थाले कुनै विदेशी संघसंस्थाबाट अनुदान सहयोग लिंदा संस्थाले समाजकल्याण ऐन २०४९ को दफा १६ बमोजिम अनिवार्य रुपमा समाजकल्याण परिषद्को पूर्व स्वीकृति लिनेछ ।

१९.२ संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी वैंक खाता संचालन गरिनेछ ।

**२०. खाता सञ्चालन :**

संस्थाको अध्यक्ष, सचिव मध्ये कुनै एक वा दुबै र कोषाध्यक्षको (अनिवार्य) संयुक्त हस्ताक्षरबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाइनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

**२१. कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिमको तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकंमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

**२२. संस्थाको लेखा र लेखापरीक्षण :**

क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

ख) संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट गरि नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ।

घ) लेखा परिक्षक नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ ।

ङ) संस्थाको वार्षिक प्रतिवेदन जि.वि.स., समाज कल्याण परिषद् र स्थानीय अधिकारी समक्ष अनिवार्य रुपमा पेश गरिने छ ।

तर प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखा परिक्षक नियुक्ति कार्य समितिबाट हुनेछ ।

Scanned with CamScanner

## परिच्छेद-८

## निर्वाचन, अविश्वासको प्रस्ताव तथा विधान संशोधन सम्वन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था :

क) कार्यसमितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको निर्णयद्वारा गठन गरिने छ ।

ख) निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ।

ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

घ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. उम्मेदवार हुने योग्यता :

क) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक ।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको ।

ग) संस्थाको सदस्यता प्राप्त गरेको

तर मानार्थ सदस्य उम्मेदवार वन्न पाउने छैन ।

२५. अविश्वासको प्रस्ताव :

२५.१ कार्यसमिति वा कुनै पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउँदा लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पस्ट खुलाई देहाय वमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा एक चौथाई सदस्यहरुको प्रष्ट नामथर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

२५.२ उपदफा १ वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको विषय प्रष्ट खुलाइ साधारणसभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति र समय तोकि संस्थाको सधारण सभाको सम्पूर्ण सदस्यहरुलाइ विधानको दफा ११(४) वमोजिम सूचना दिइनेछ ।

२५.३ **अविश्वासको प्रस्ताव माथि छलफल प्रक्रिया** :

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ वमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

Scanned with CamScanner

ख) माथि उपदफा -क) वमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरिसकेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने वढिमा अन्य ३ जना सदस्यहरुलाइ अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा १ वमोजिम अविश्वासको प्रस्ताव उपर जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ति पदाधिकारीलाइ आफ्नो सफाइ पेश गर्ने मौकाको लागि आफ्नो भनाइ राख्न अनुमति दिनेछ ।

२५.४ **अविश्वासको प्रस्ताव माथि निर्णय :**

क) प्रस्ताव माथि छलफल समाप्त भएपछि साधारणसभामा निर्णयार्थ पेश गरिनेछ । साधारणसभाको कुल सदस्यको २/३ बहुमतवाट अविश्वासको प्रस्ताव पारित भएमा जसका विरुद्ध पारित भएको हो सो पदाधिकारी वा सदस्य पदमुक्त हुनेछ ।

ग) कार्यसमिति उपर अविश्वासको प्रस्ताव पास भएमा सोही साधारण सभाले निर्वाचन समिति गठन गरि कार्यसमितिको निर्वाचन गराउनेछ ।

## २६. विधान संशोधन :

१) यस विधानलाई संशोधन गर्ने अधिकार साधारण सभालाई हुनेछ ।

२) विधान संशोधन सम्बन्धी प्रस्ताव कार्य समितिले आफ्नो सिफारिस सहित साधारण सभामा पेश गर्नुपर्नेछ ।

३) यस संस्थाको विधान संशोधन गर्न साधारणसभाका सम्पूर्ण सदस्य संख्याको २/३ बहुमतले पारित गरेपछि सो संशोधन स्थानीय अधिकारीको स्वीकृतको लागि पेश गरि स्वीकृति भएपछि लागु हुनेछ र सोको जानकारी समाज कल्याण परिषद्मा दिइनेछ ।

२७. **विनियम बनाउन सक्ने :** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सम्वन्धमा यो विधानको अधिनमा रही संस्थाको कार्य संचालन र उदेश्य कार्यान्वियनको लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी विनियम वनाइ लागु गर्न सक्नेछ ।त्यस्ता विनियम साधारणसभावाट परित गर्नुपर्नेछ। सो को जानकारी स्थानिय अधिकारीलाइ दिनुपर्नेछ।

## २८. कर्मचारीको व्यवस्था :

क) संस्थाको दैनिक कार्य संचालन योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारीको दरबन्दी श्रृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीहरुको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधी, पुऱ्याउने सेवा, त्यसको औचित्य, सुविधा र निजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पेश गरिनेछ ।

२९. तदर्थ समिति :

क) संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ३ महिना भित्र साधारण सभा वोलाइ विधान अनुसारको निर्वाचन समितिको गठन गरि नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानिय अधिकारीलाइ दिइनेछ ।

ख) प्रथमपटक निर्वाचन नभएसम्मको अवस्थाको लागि तदर्थ कार्यसमितिले गरेका कामकारवाहीहरु यसै विधान अनुसार भएको मानिनेछ ।

३०. संस्था खारेजी :

१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२) उपदफा १ वमोजिम संस्था खारेजी गर्ने प्रस्ताव पारित गर्दा सो कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाबकिताब जाँच गर्नका लागि एक वा एक भन्दाबढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

२) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्वन्धी काम कारवाही गर्नेछन् ।

३) कारणवश संस्था विघटन भइ खारेजी भएमा संस्थाको दायित्वको फरफारक गरि बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३१. व्याख्या :

यो विधानको व्याख्या गर्ने अधिकार साधारण सभालाई विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

३२. कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नु पर्ने नियम :

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाइने छैन ।

३३. ऐन अनुसार हुने :

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वत: निष्कृय हुनेछन् ।

३४. निर्देशनको पालना :

नेपाल सरकार वा स्थानिय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३५. विविध :

Scanned with CamScanner

क) यस संस्थाका कुनै पनि सदस्य वा पदाधिकारीले संस्थाको अहित हुने कार्य गर्नु हुदैंन। कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा असभ्य अश्लील शब्दको प्रयोग गर्न पाइने छैन ।

ख) संस्थाको नाममा चलअचल सम्पत्ति खरिदविक्री गर्न सकिनेछ । सो गर्दा आवश्यकता अनुसार स्थानीय अधिकारीको स्वीकृत लिइनेछ ।

ग) संस्थाको नाममा र संस्थाको नामवाट मुद्दा दायर गर्न सकिनेछ।

३६. अधिकार प्रत्यायोजन सम्वन्धी व्यवस्था:
यस संस्थाको कुनै सदस्य कारणवश उपस्थित हुन नसक्ने अवस्था भएमा आफ्नो अधिकार कुनै अर्को सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३७. बचाउ :
१. यस विधानमा जे सुकै कुरा लेखिएको भएतापनि प्रचलित नेपालको कानुन सँग बाझिएमा बाझिएको हदसम्म स्वत : निष्कृय भएको मानिनेछ ।
२. यस विधानमा नपरेकै कारणबाट कुनै कार्यमा बाधा परेमा कार्य समितिले नियम बनाई कार्य गर्न बाधा पर्ने छैन ।

३८. हामी **परिवर्तनका लागि महिला मञ्च धादिङ, नेपाल**का निम्न सँस्थापकहरु यस विधान वमोजिम कार्य गर्न
मञ्जुर भइ निम्न साक्षीहरुको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।

| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर वतन र सहिछाप |
|---|---|
| १. नाम, थरः सरला धमला<br>पद : अध्यक्ष<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.११<br>ना.प्र.नं. २०९६३<br>दस्तखत :............ | नाम, थरः विश्वराज अधिकारी<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.३<br>दस्तखत :............ |
| २. नामथरः सरस्वती अधिकारी<br>पद : उपाध्यक्ष<br>ठेगाना : नीलकण्ठ न.पा. ३<br>ना.प्र.नं.९९८५<br>दस्तखत :............ | नाम, थरः ध्रुववहादुर थापा<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.३<br>दस्तखत :............ |
| ३. नामथरः आइतीमाया तामाङ<br>पद : सचिव | नाम, थरः : रुद्रवहादुर खत्री<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.३ |

Scanned with CamScanner

| | |
|---|---|
| ठेगाना : मैत्रवती गाउँपालिका -२<br>ना.प्र.नं. २६१/१५३०६<br>दस्तखत :................ | दस्तखत :................ |
| ४. नामथर : विष्णु श्रेष्ठ<br>पद : सहसचिव<br>ठेगाना : नीलकण्ठ न.पा. ३<br>ना.प्र.न ११०४७८<br>दस्तखत :................ | नाम, थर: : पञ्चकुमार श्रेष्ठ<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.३<br>दस्तखत :................ |
| ५. नामथर : तारा कुमारी खड्का<br>पद : कोषाध्यक्ष<br>ठेगाना : धार्के गाउँपालिका + ६<br>ना.प्र.न ३८/१८८<br>दस्तखत :................ | नामथर: गणेश थापा<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.३<br>दस्तखत :................ |
| ६. नाम, थर: मिठु परियार<br>पद : सदस्य<br>ठेगाना :नीलकण्ठ न.पा.३<br>ना.प्र.नं. २२/५२<br>दस्तखत :................ | नामथर: : वलराम खत्री<br>ठेगाना : धा.जि.नीलकण्ठ न.पा.वडा नं.३<br>दस्तखत :................<br>नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धादिङ |
| ७. नामथर: संगिता पाण्डे विशुराल<br>पद : सदस्य<br>ठेगाना : बेनिघाट रोराङ गा.पा-५ चरैदी<br>ना.प्र.न ४९३१<br>दस्तखत :................ | नामथर: शुष्मा पाठक गिरी<br>ठेगाना : नीलकण्ठ ३ धादिङ<br>दस्तखत :................ |
| ८. नामथर: दुर्गा अधिकारी<br>पद : सदस्य<br>ठेगाना : नीलकण्ठ न.पा.३<br>ना.प्र.न १२५७५९<br>दस्तखत :................ | नामथर: मदन थापा<br>ठेगाना :<br>दस्तखत :................ |
| ९. नामथर: पार्वती श्रेष्ठ | नामथर: उत्तमराज थापा |

Scanned with CamScanner

| | |
|---|---|
| पद : सदस्य<br>ठेगाना :<br>ना.प्र.न १५७८<br>दस्तखत :........................ | ठेगाना :<br>दस्तखत :........................ |

## अनुसुचि-१
## दफा ३ संग सम्वन्धीत
## सस्थाको छाप र प्रतिक चिन्ह

संस्थाको छाप गोलाकार परिधिभित्र माथितिर संस्थाको नाम र तलतिर संस्थाको ठेगाना तथा बीचभागमा महिला र पुरुषले हातेमालो गरेको प्रतिक चिन्ह र त्यसको मुन्तिर स्थापना मिति हुनेछ। जुन यसप्रकार छ :

परिवर्तनका लागि महिला मञ्च
WFC Nepal
२०५४
नीलकण्ठ न.पा.-३, धादिङ

जिल्ला प्रशासन कार्यालय
धादिङ

## अनुसूचि-२

### तदर्थ समिति

विधानको नियम १० (२) सँग सम्वन्धित

१. अध्यक्ष : श्री सरला धमला :

२. उपाध्यक्ष : श्री सरस्वती अधिकारी :

३. सचिव : श्री आइतीमाया तामाङ्ग

४. सहसचिव : श्री विष्णु श्रेष्ठ :

५ कोषाध्यक्ष : तारा कुमारी खडका :

६. सदस्य : मिठु परियार

७. सदस्य : संगीता पाण्डे विसुराल :

८. सदस्य : दुर्गा अधिकारी :

९. सदस्य : पार्वती श्रेष्ठ :

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

अनुसूची : ३

परिवर्तनका लागि महिला मञ्च धादिङ, नेपाल
२०७४
धादिङ

# शपथ ग्रहण

मिति :

"म ............................................ (सपथकर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु कि मेरो सामर्थ्यले भ्याएसम्म तन-मनले संस्थाको सदस्यको नाताले सबै काम तथा बैठकहरुमा नियमित भाग लिनेछु। संस्थाको विकास र सदस्यहरुको हितकोलागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरिकाबाट काम गर्नेछु । महिला माथि हुने सबै प्रकारको हिंसा विरुद्ध डटेर लडनेछु ।

शपथ ग्रहण गर्ने पदाधिकारीको

नाम :

दस्तखत :

मिति :

पद :

शपथ ग्रहण गराउने पदाधिकारीको

नाम :

दस्तखत :

मिति :

पद :

नेपाल सरकार
... मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ